# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, फागुन २५ गते २०५५ साल (अतिरिक्ताङ्क ७५

## भाग ३

श्री ५ को सरकार
अर्थ मन्त्रालयको सूचना

### महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५५

महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लेखापरीक्षण ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले महालेखा परीक्षकको सल्लाह लिई देहायका नियमहरु बनाएको छ:

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी नियमहरुको नाम "महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी नियमावली, २०५० को नियम २९ मा संशोधन</u>: महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी नियमावली, २०५० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २९ मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३९क थप: मूल नियमावलीको नियम ३९ पछि देहायको नियम ३९क थपिएको छ:–

"३९क. बढुवा सम्बन्धी विशेष व्यवस्था: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहिरहेका राजपत्रांकित तृतीय श्रेणी वा सोभन्दा मुनिका कर्मचारीको नियम ९२ बमोजिम अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरिनेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहिरहेका राजपत्रांकित तृतीय श्रेणी वा सोभन्दा मुनिका कुनै कर्मचारीले नियम ९४ बमोजिम स्वैच्छिक अवकाश लिन चाही निवेदन दिएमा निजलाई एक तह माथिको पदमा बढुवा गरी अवकाश दिइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम बढुवा गर्नको लागि स्वत: विशेष पद सृजना हुनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद स्वत: खारेज हुनेछ ।"

४. मूल नियमावलीको नियम ९२ मा संशोधन: मूल नियमावलीको नियम ९२ को उपनियम (१) र (२) को सट्टा देहायको उपनियम (१) र (२) राखिएका छन्:–

"(१) अन्ठाउन्न वर्ष उमेर पूरा भएको वा नियम २९ बमोजिमको पदावधि पूरा भएका कर्मचारीले सेवाबाट स्वत: अवकाश पाउनेछ ।

(२) उपनियम (१) लागू हुनु अघि तीस वर्ष सेवा अवधि पुगी म्याद थप भई सेवामा बहाल रहेका कर्मचारीहरु पनि अन्ठाउन्न वर्ष पूरा नहुञ्जेलसम्म सेवामा बहाल रहन सक्नेछन् ।

तर नियम २९ बमोजिम पदावधि तोकिएका कर्मचारीको हकमा सोही नियम बमोजिम हुनेछ ।"

५. मूल नियमावलीको नियम ९४ मा संशोधन: मूल नियमावलीको नियम ९४ को सट्टा देहायको नियम ९४ राखिएको छ:–

"९४. स्वैच्छिक अवकाश: निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका कर्मचारीले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वैच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वैच्छिक अवकाश लिने कर्मचारीमध्ये सम्वत् २०४९ साल मार्ग २२ गतेभन्दा अघि सेवामा प्रवेश गर्नेको हकमा साठी वर्ष उमेर ननाघ्ने गरी र उक्त मिति वा सोभन्दा पछि सेवामा प्रवेश गर्नेको हकमा अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्ष सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।"

आज्ञाले
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

...पछि मात्र लागु हुनेछ।

१४४८